# सुर्तीजन्य पदार्थ तथा मदिरा नियन्त्रण तथा नियमनको लागि स्थानीय सरकारले गर्न सकिने मुख्य मुख्य कार्यहरुः

१. सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने अत्यन्त जरुरी सूचना जारी गर्ने (सूचनाको फर्म्याट यसको अन्तमा राखिएकोछ[१]),
२. शैक्षिक संस्था, स्वास्थ्य संस्था, वालगृहको १०० मिटर वरपर सुर्तीजन्य पदार्थको विक्री वितरण निषेध गर्ने,
३. कसैले पनि अर्को व्यक्तिको उपस्थितीमा नीजी सवारी साधन र नीजी घरमा धूम्रपान गर्न नपाउने जानकारी सवैलाई गराउने,
४. चुरोट तथा अन्य सुर्तीजन्य पदार्थ र मदिरा १८ बर्ष भन्दा मुनिका बालबालिकालाई विक्री नगर्ने र उनीहरुलाई विक्री गर्न नलगाउने,
५. हरेक सार्वजनिक स्थलमा व्यवस्थापक (कार्यालय प्रमुख वा प्रमुख) ले भवनको मुख्य प्रवेशद्वारमा कम्तिमा ३० सेमी लम्वाइ र २० सेमी चौडाइको सूचना टाँस गर्नु पर्ने साथै भवनको भित्री द्वारमा कम्तिमा २० सेमी लम्वाइ र १५ सेमी चौडाइको सूचना टाँस गर्नु पर्ने (यसको फर्म्याट यसको अन्तमा राखिएकोछ[२]),
६. सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्नको लागि सुर्तीजन्य पदार्थ विक्रीवितरण गर्न पाउने लाइसेन्स लिएकाहरुले मात्र विक्रीवितरण गर्ने व्यवस्था गर्ने[३]
७. कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउँदैनन् । यसो गरेमा **सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८को** दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ भनेर सवैलाई जानकारी गराउने,
८. कसैले पनि मदिराको होर्डिङ बोर्ड वा होटेल, रेष्टुरेन्टको साइन वोर्डमा कुनै पनि मदिरा र वियरको फोटो राखी प्रचार प्रसार गर्न नपाइने भएकोले यदि यस प्रकारको विज्ञापन गरेको अवस्था छ भने **जनस्वास्थ्य सेवा ऐन २०७५** अनुसार रोक लगाउने,
९. सुर्तीजन्य पदार्थ तथा मदिराको स्थानीय स्तरमा लगाउन सक्ने कर जस्तै **व्यवसाय दर्ता तथा नविकरणको लागि अन्य कर भन्दा धैरै लिने,**
१०. मदिरा विक्री वितरणको लागि निश्चित पसललाई मात्र लाइसेन्स दिने जथाभावी विक्री वितरण गर्न नदिने
११. मदिरा विक्री वितरणको लागि निश्चित समय छुट्याउने,
१२. गर्भवती महिलालाई चुरोट तथा सुर्तीजन्य पदार्थ र मदिरा विक्री वितरण नगर्ने (कानुन सम्वन्धी विस्तृत विवरण यसको अन्तमा राखिएकोछ[४]),
१३. नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४ माघ १० को निर्णय अनुसार सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन २०६८ दफा १२ (१) **प्रमुख प्रशासकिय अधिकृतलाई सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनको लागि निरीक्षक तोकिएको** हुनाले सोही अनुसार कार्य गराउने[५],
१४. प्रभावकारी अनुगमन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

निर्देशक

अनुसूचिहरु

'सूचनाको फर्म्याट यस प्रकारको हुनेछ

सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने अत्यन्त जरुरी सूचना

देहायका सार्वजनिक स्थलमा कसैले धूम्रपान तथा सुर्तीसेवन गर्न पाउने छैन :

(क) होटल, रेष्टुरेण्ट, बार, रिसोर्ट, मोटल, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(ख) सरकारी कार्यालय,निकाय वा संस्था

(ग) शिक्षण संस्था विद्यालय, कलेज, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(घ) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(ङ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) सार्वजनिक शौचालय,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

• कसैले यी सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम कारबाही र सजाय पाउने छन् ।

• माथिका सवै कार्यालय र सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन निषेधको सूचना टाँस गर्नुपर्नेछ । सूचना टाँस नगरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ को दफा १७ बमोजिम व्यवस्थापक (कार्यालय प्रमुख) लाई पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धूम्रपान गर्न पाउँदैन ।


निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

[२]सूचना टाँसको फर्म्याट




सुर्तीजन्य पदार्थको लाइसेन्सको लागि सूचना[३](२०७३ साल माघ ६ गते वसेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम)


नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको
अत्यन्त जरुरी सूचना

[४]**सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ का मुख्य कानूनी व्यवस्था**

- सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ४ बमोजिम सार्वजनिक स्थलहरुमा धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्न पाईंदैन । कसैले सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गरेमा ऐनको दफा १७ बमोजिम कारवाही र सजाय पाउने छन् ।

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ५ बमोजिम सबै कार्यालय र सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन निषेधको सूचना टाँस गर्नुपर्नेछ । सूचना टाँस नगरेमा ऐनको दफा १७ बमोजिम पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा १० बमोजिम उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम, इन्टरनेट, ईमेल जस्ता विद्युतिय संचार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइंदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउँदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि सुर्तीजन्य पदार्थ प्रति आकर्षण हुने गरी बिक्री स्थलमा सजाबट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न पाउँदैनन् । यसो गरेमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम कसैले पनि निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउँदैन । यसो गरेमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ११ बमोजिम सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजत पत्र लिनुपर्ने छ । इजाजत नलिएमा ऐनको दफा १७ बमोजिम दश हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।

• सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन २०६८ दफा ६ बमोजिम कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधन भित्र धूम्रपान गर्न पाउँदैन ।

[५]२०७४ साल माघ १० गते बसेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र टेकु, काठमाडौं

निर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय

विषय: सहायक प्रमुख जिल्ला अधिकारी र प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षक तोक्ने सम्बन्धमा ।

प्रस्ताव पेशगर्न विभागीय मन्त्रीबाट स्वीकृति मिति: २०७४।०९।३०

१. <u>विषयको संक्षिप्त व्यहोरा:</u>
नेपालको संविधानको धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने प्रावधान र धारा ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। यस सन्दर्भमा धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएकोले सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, बितरण तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र यस सम्बन्धी नियमावली र निर्देशिकाहरु जारी भईसकेको । यसको प्रभावकारी कार्यान्वयनको लागि सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १२ (१) बमोजिम निरीक्षक तोक्न यो प्रस्ताव पेश गर्न आवश्यक देखिएको ।

२. <u>प्राप्त परामर्श र अन्य प्रासङ्गिक कुरा:</u>
देश संघीय पद्धतिमा गैरहेको, जिल्ला संख्या ७५ बाट ७७ हुन गएको र ७५३ स्थानीय तह (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका) कायम भएको सन्दर्भमा संघीय पद्धतिलाई आत्मसात गर्दै स्थानीय तहलाई पनि सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र यस सम्बन्धी नियमावली तथा निर्देशिकाहरुको कार्यान्वयनको जिम्मेवारी दिन आवश्यक भएकोले यो प्रस्ताव पेश गरिएको छ ।

३. <u>प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस:</u>
स्वास्थ्य तथा वातावरण सम्बन्धी मौलिक हक र अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले सूर्तिजन्य पदार्थ नियन्त्रण सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय योजना र महासन्धिहरुमा प्रतिवद्धता जनाइसकेको । त्यस्ता प्रतिवद्धता, योजना र कानूनहरु प्रभावकारी रुपमा पालना र कार्यान्वयन गराउन, निरीक्षकको काम कारवाहीलाई विस्तार, व्यवस्थित र प्रभावकारी बनाउन सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १२ (१) बमोजिम निरीक्षक तोक्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न माननीय स्वास्थ्य मन्त्रीबाट मिति २०७४/०९/३० मा स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु ।

४. <u>निर्णय हुनुपर्ने व्यहोरा:</u>
(१) सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै जिल्ला प्रशासन कार्यालयका ७७ जना सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई निरीक्षक तोक्ने र कुनै जिल्लामा २ जना वा सो भन्दा बढी सहायक प्रमुख जिल्ला अधिकारी रहेको भए सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षक तोक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।
(२) सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका ७५३ जना प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षक तोक्ने ।

मिति: २०७४।१०।०२

(डा. पुष्पा चौधरी)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं

निर्देशक

श्री सचिव,
स्वास्थ्य मन्त्रालय ।

सहायक प्रमुख जिल्ला अधिकारी र प्रमुख प्रशासकीय अधिकृतलाई निरीक्षक तोक्ने विषयको स्वास्थ्य मन्त्रालयको नं. ३१/४२-०६४ [illegible] को प्रस्ताव म.प.ब.सं. ८९/०६४ मिति २०६४/१०/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले [illegible] २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

<u>नेपाल सरकारको निर्णय</u> —

प्रस्ताव स्वीकृतबमोजिम गर्ने ।

( लोकदर्शन रेग्मी )
मुख्यसचिव
२०६४/१०/१०

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

पचली, टेकु
काठमाडौं, नेपाल

प.सं.: ०७४/७५
च.नं.: १०७३

मिति: २०७५।०१।१०

विषय : निरीक्षक तोकिएको सम्बन्धमा

श्री जिल्ला जन/स्वास्थ्य कार्यालय,
७७ वटै
श्री गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका,
७५३ वटै ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१०।१० को निर्णय अनुसार सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन ऐन, २०६८ को दफा १२.१ बमोजिम सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न तपसिल बमोजिम निरीक्षक तोकिएको व्यहोरा कार्यार्थ अनुरोध गर्दछु ।

तपसिल

१. सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै जिल्लाका प्रशासन कार्यालयका ७७ जना सहायक प्रमुख जिल्ला अधिकारीहरुलाई निरीक्षक तोक्ने र कुनै जिल्लामा २ जना वा सो भन्दा बढी सहायक प्रमुख जिल्ला अधिकारी रहेको भए सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षक तोक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

२. सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न सबै गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका ७५३ जना प्रमुख प्रशासकीय अधिकृतहरुलाई निरीक्षक तोक्ने ।

सुनिल राज शर्मा
निर्देशक

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं